# आकाशवाणी

**मुख्य समाचार :-**

- **अन्तर्राष्ट्रिय महिला दिवसमा राष्ट्रपतिद्वारा महिला-पुरुष समानताका लागि दृढ संकल्पको आह्वान**
- **नरेन्द्र मोदी सरकार महिलाहरूको सशक्तिकरणका लागि समर्पित रहके प्रधानमन्त्रीको भनाई**
- **अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा मध्य रेलवेद्वारा विशेष वंदे भारत एक्सप्रेस संचालन**
- **आकाशवाणी समाचारले आज अंतर्राष्ट्रिय महिला दिवस भिन्नै तरिकाले मनाउदै**
- **लखनउमा आज महिला प्रिमियर लिग क्रिकेटमा रोयल च्यालेन्जर्स बेंगलोर र यूपी वॉरियर्स भिड्दै**

## अन्तर्राष्ट्रिय महिला दिवसमा राष्ट्रपति मुर्मुद्वारा महिला-पुरुष समानताका लागि दृढ संकल्पको आह्वान

राष्ट्रपति द्रौपदी मुर्मुले कार्यक्षेत्रमा महिलाहरूको बढ्दो सहभागिताको आवश्यकतामा जोड दिनुभएको छ। उहाँले भारत विश्वकै तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको उल्लेख गर्दै, यस यात्रालाई सफल बनाउन महिलाहरूको सक्रिय भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो। आज नयाँ दिल्लीमा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित 'नारी शक्ति से विकसित भारत' विषयक एकदिने सम्मेलनको उद्धाटन गर्दै, राष्ट्रपति मुर्मुले देशका नारीहरू विकसित भारतको सपना साकार गर्न महत्वपूर्ण योगदान दिइरहेको बताउनुभयो। साथै, उहाँले महिलाहरूको प्रगति सुनिश्चित गर्न समाजले अवसरहरू सिर्जना गर्नुपर्नेमा विशेष जोड दिनुभयो। राष्ट्रपतिले केन्द्र सरकार निरन्तर देशका महिलाहरू राजनीतिक, आर्थिक र सामाजिक रूपमा सशक्त बनून् र विकसित भारतको निर्माणमा सक्षम बनून्  भनि सुनिश्चित गर्न प्रयासरत रहेको बताउनुभयो । उहाँका अनुसार लोकसभा र राज्यसभामा महिलाहरूका लागि आरक्षणको प्रावधान पनि ऐतिहासिक कदम रहेको छ। राष्ट्रपतिले अन्तर्राष्ट्रिय महिला दिवस महिलाहरूको अतुलनीय योगदानलाई सम्मान गर्ने अवसर भएको बताउँदै महिला-पुरुष समानता थप मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्नुपर्ने बताउनुभयो।

## अंतर्राष्ट्रीय महिला दिवसको अक्सरमा आज

अंतर्राष्ट्रीय महिला दिवसको अक्सरमा आज, महिलाहरूलाई नमन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले विविध क्षेत्रहरूमा विशिष्ट उपवब्धिहरू हासिल गरिरहेकी महिलाहरूले आज उहाँको सोशल मीडिया पोस्टको संचालन गर्ने भन्नुभएको छ। **BYTEE** उपराष्ट्रपित जगदीप धनखड्ले पनि अंतर्राष्ट्रीय महिला दिवसमा आफ्नो शुभकामना दिनुभएकोछ। एक सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो, महिलाहरू समाजका मेरूदण्ड हुन्, जसले आफ्नो समर्पण र नेतृत्वले परिवर्तन लिएर आँउछिन्। उपराष्ट्रपतिले सबैलाई महिलाहरूका लागि समावेशी, न्यायसंगत र प्रगतिशील भविष्य निर्माण गर्ने उदेश्यका साथ मिलेर काम गर्ने आग्रह गर्नुभयो।

## नरेन्द्र मोदी सरकार महिलाहरूको सशक्तिकरणका लागि समर्पित रहके प्रधानमन्त्रीको भनाई

प्रधानमन्त्री नरेन्द्र मोदीले उहाँको सरकार महिलाहरूको सशक्तिकरणका लागि समर्पित रहके भन्नुभएको छ। महिलाहरू जीवन पहिले भन्दा राम्रो बनाउनका लागि उठाइएका महत्वपूर्ण पाईलाहरूबारे उहाँले प्रकाश पार्नुभयो आज अंतर्राष्ट्रीय महिला दिवसको अवसरमा गुजरातको नवसारीमा आयोजित लखपति दीदी सम्मेलनलाई संबोधिन गर्दै श्री मोदीले भन्नुभयो, भारत, महिला नेतृत्व भएको विकासको दिशा तर्फ अघाढ़ी बढ़ि रहेको छ । सरकाराले हर कदममा महिलाहरूको गरिमा र कल्याणलाई सर्वोच्च महत्व दिईरहेकोछ, उहाँले थप भन्नुभयो । प्रधानमन्त्री मोदीले महिला सशक्तिकरण समाजका सबै क्षेत्रहरूमा फैली रहेको भन्दै, भारतीय महीलाहरूको शक्तिलाई अब विश्व स्तरमा नै मान्यता प्राप्त भईरहेको भन्नुभयो। महिलाहरूलाई सशक्त बनाउन हेतु सरकारले अघिल्ला पाँच वर्षहरूमा तीन करोड़ लखपति दीदी बनाउने लक्ष्य लिएर बढ़ि रहेको उहाँले भन्नुभयो। पछिल्लो दशकमा महिला सुरक्षा वृद्धी संबधी सरकारका उपलब्धिहरूबारे प्रधानमन्त्रीले प्रकाश पार्नुभयो। उहाँले महिला अधिकारहरूका रक्षाका लागि बनाइएका नयाँ आपराधिक कानुनहरूका कार्यान्वयनको उल्लेख पनि गर्नुभयो। प्रधानमन्त्रीले लखपति दीदी सम्मेलनमा 25 हजार भन्दा बढ़ि स्वयं सहायता समूहका महिलाहरूलाई चार सय पचास करोढ़ रूपियाँको वित्तीय सहायता वितरन गर्नुभयो। श्री मोदीले पाँच लखपति दीदीहरूलाई लखपति दीदी प्रमाणपत्र दिएर सम्मानित पनि गर्नुभयो।

**अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा मध्य रेलवेद्वारा विशेष वंदे भारत एक्सप्रेस संचालन**

अंतर्राष्ट्रीय महिला दिवसको अवसरमा आज मध्य रेलवेको तर्फबाट विशेष बन्दे भारत एक्सप्रेस महिला रेलगाड़ीको परिचालन गरियो।यो रेलगाड़ी छत्रपति शिवाजी महाराज टर्मिनलबाट शिरडीका लागि प्रस्थान गरेको थियो। यसमा लोको पायलट, सहायक लोको पायलट रेलगाड़ी मेंनेजर टिकट परीक्षक अनि कैट्रिगं कर्मचारी लगायत सबै महिला चालक कर्मी थिए। मुंबईको माटुंगा स्टेशनबाट पनि यो रेलगाड़ी प्रस्थान गर्यो जुन भारतको पहिलो महिला संचालित स्टेशन हो। 2017 देखि परिचालनमा रहेको यो स्टेशन, लिम्का बुक अफ रेकर्डसद्वारा पनि मान्यता प्राप्त हो।

## दिल्ली महिला समृद्धि योजना

दिल्ली सरकारले आज गरीब महिलाहरूलाई दुई हजार पाँच सय रूपियाँ दिनका लागि महिला समृद्धि योजनालाई सुईकृती दिएको छ। यो घोषणा मुख्यमन्त्री रेखा गुपताले आज गर्नुभएको हो । उहाँले अंतरष्ट्रियीय महिला दिवसको अवसरमा, दिल्ली सरकारको मन्त्रीमण्डलको बैठकमा यस योजनालाई सुईकृती दिइएको जानकारी दिनुभयो

यस योजनाका कार्यन्वयनका लागि पाँच हजार एक सय करोढ़ रूपियाँको बजटीय प्रावधान गरिएको पनि उहाँले भन्नुभयो। श्रीमती गुप्ताले भन्नुभयो, मुख्यमंत्रीको अध्यक्षतामा एक समिति बनाइएको छ जसमा दिल्लीका मन्त्री आशीष सूद, प्रवेश साहिब सिंह र कपिल मिश्रा पनि शामेल छन्। मुख्यमन्त्रीले महिला समृद्धि योजनाका लागि पंजीकरण प्रक्रिया शुरू गर्न भनि छिट्टै एउटा पोर्टलको थालनी गरिनेछ र दिल्ली सरकारले महिलाहरूको सुरक्षा र समृद्धि सुनिश्चित गर्नका लागि थप काम गर्ने श्रीमती गुप्ताले भन्नुभयो ।

**आकाशवाणी समाचारले आज अंतर्राष्टिय महिला दिवस भिन्नै तरिकाले मनाउदै**

आकाशवाणी समाचारले आज अंतर्राष्टिय महिला दिवस भिन्नै तरिकाले मनाईरहेको छ। 24 सै घंटा ईग्लिस र हिन्दी समाचार बुलेटिन महिला समाचार वाचिकाहरूले प्रस्तुत गरिरहेका छन् । आकाशवाणी समाचारले आज बेलुकी 9.15 दिखि 10 बजे सम्म, अन्तर्राष्ट्रीय महिला दिवसबारे एक विशेष पैनल परिचर्चा पनि प्रसारित गर्नेछ।

**लखनउमा आज महिला प्रिमियर लिग क्रिकेटमा रोयल च्यालेन्जर्स बेंगलोर र यूपी वॉरियर्स भिड्दै**

लखनउमा अहिले साँझ 7;30 बजे महिला प्रिमियर लिग क्रिकेट अन्तर्गत वर्तमान च्याम्पियन रोयल च्यालेन्जर्स बेंगलोर र यूपी वॉरियर्स बीच प्रतिस्पर्धा हुदैछ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **अन्तर्राष्ट्रिय महिला दिवसमा राष्ट्रपतिद्वारा महिला-पुरुष समानताका लागि दृढ संकल्पको आह्वान**
- **नरेन्द्र मोदी सरकार महिलाहरूको सशक्तिकरणका लागि समर्पित रहके प्रधानमन्त्रीको भनाई**
- **अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा मध्य रेलवेद्वारा विशेष वंदे भारत एक्सप्रेस संचालन**
- **आकाशवाणी समाचारले आज अंतर्राष्टिय महिला दिवस भिन्नै तरिकाले मनाउदै**
- **लखनउमा आज महिला प्रिमियर लिग क्रिकेटमा रोयल च्यालेन्जर्स बेंगलोर र यूपी वॉरियर्स भिड्दै**